।।श्री।।

कृपया पत्र व्यवहार गर्दा प्राप्त पत्र सङ्ख्या र मितिसमेत उल्लेख गर्नुहोला।

# सङ्खुवासभा जिल्ला अदालत

## चैनपुर

फोन नं. ०२९–५७०१९५, ५७०१९६
फ्याक्स ०२९–५७०३७६
Email: info.dcsankhuwasabha@supremecourt.gov.np
admin.dcsankhuwasabha@supremecourt.gov.np

पत्र संख्याः २०७८/०७९ (प्रशासन शाखा) १ नं. प्रदेश (नेपाल)

चलानी नं. मितिः २०७८/०४/१४

## सङ्खुवासभा जिल्ला अदालतको सेवा प्रवाह सम्बन्धी सूचना

विश्वभरी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) यस जिल्लामा समेत ब्यापकरूपमा फैलिन गई मिति २०७८/०१/२४ देखि निषेधाज्ञा जारी भएका कारण मिति २०७८/०१/२७ देखि यस अदालतको सेवा संकुचन गरी मिति २०७८/०३/२२ गतेदेखि केही सेवा बिस्तार गरिएकोमा सम्मानित सर्बोच्च अदालत, पूर्ण इजलासको मिति २०७८/०३/३१ निर्णय एवम् मिति २०७८/०४/०१ को सर्बोच्च अदालतको सूचनाबमोजिम स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित मापदण्डको पूर्ण पालना गर्नेगरी यस अदालतबाट प्रवाह गरिने सेवाका सम्बन्धमा देहायबमोजिम गर्नेगरी सङ्खुवासभा जिल्ला अदालत, जिल्ला सरकारी वकिल कार्यालय र सङ्खुवासभा जिल्ला अदालत बार एशोसिएशन बीचको बैठकबाट निर्णय भएको हुँदा सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. मिति २०७८/०१/२७ गतेदेखि मिति २०७८/०४/१४ गतेसम्मको अवधिमा यस अदालतमा हदम्याद, म्याद, तारेखमा उपस्थित हुनुपर्ने ब्यक्ति मिति २०७८/०४/१५ गतेदेखि बाटाको म्यादबाहेक ३० (तीस) दिनभित्र उपस्थित हुनुपर्ने।

२. यस अदालतबाट प्रवाह भएका सबै प्रकारका सेवाहरू मिति २०७८/०४/१५ गतेदेखि सुचारू हुने।

३. निषेधाज्ञा जारी भई सेवा संकुचन गरिएको अवधीमा उपस्थित हुनुपर्ने सेवाग्राहीहरू सूचना बमोजिम यस अदालतमा उपस्थित हुँदा एकै दिन वा एकै समयमा बढी सेवाग्राहीको चाप पर्न गएमा त्यस्ता सेवाग्राहीलाई अर्को दिन वा अर्को समयमा उपस्थित हुन जिल्ला बारले सहजीकरण गर्ने।

४. सम्मानित सर्बोच्च अदालतबाट सो सम्बन्धमा अन्य आदेश भएमा सोही बमोजिम हुने।

२०७८।४।१४

.................................
केदारप्रसाद गौतम
स्रेस्तेदार (उपसचिव)